जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ८३ २०८३ साल कात्तिक ११ गते बुधबार (28 Oct 2026 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

*यस अंक भित्र :* २ पृष्ठमा : भोटेकोशी बाढी-विपद्... ३ पृष्ठमा : भोटेकोशी बाढीका कारण ... ३ पृष्ठमा :एआई विस्तारसँगै भ्काङ...

# जसपा नेपालका मधेश प्रदेश सचिव युसुफले पार्टीको साधारण सदस्य समेतबाट दिए राजीनामा

**दैनिक समाचारदाता**
**राजविराज, १० कात्तिक ।**

जनता समाजवादी पार्टी (जसपा) नेपालका मधेश प्रदेश सचिव मो. युसुफ अलिले प्रदेश समितिको सचिव पदसहित पार्टीको साधारण सदस्यताबाट समेत राजीनामा दिएका छन् ।

उपेन्द्र यादव नेतृत्वको तत्कालिन मधेशी जनअधिकार फोरमको संस्थापक सप्तरी अध्यक्ष समेत रहेका अलिले पार्टीभित्र व्यक्तिवादी सोच हाबी भएको, लोकतान्त्रिक चरित्र कमजोर बनेको र नयाँ पुस्तालाई नेतृत्वमा अवसर दिन नसकिएको आरोप लगाउँदै राजीनामा दिएका हुन् ।

पार्टी प्रदेश समितिका अध्यक्षलाई सम्बोधन गरी बुझाएको राजीनामा पत्रमा उनले मधेश जनविद्रोहको भावना, सहिदहरूको बलिदान तथा मधेशी जनताको लामो संघर्षबाट स्थापित संघीयता, समावेशिता, समानुपातिक प्रतिनिधित्व, सामाजिक न्याय, पहिचान र सम्मानका मुद्दा ओझेलमा परेको उल्लेख गरेका छन् ।

उनले आफ्नो राजनीतिक यात्रा कुनै व्यक्ति, पद वा निजी स्वार्थका लागि नभई मधेशका उत्पीडित, उपेक्षित र अपहेलित समुदायको अधिकार, पहिचान तथा सम्मान सुनिश्चित गर्न सुरु गरेको बताएका छन् ।

अलिले पार्टीभित्र सीमित नेतृत्वको राजनीतिक स्वार्थ, व्यक्तिवादी सोच र पुँजीपति वर्गको प्रभावका कारण लोकतान्त्रिक अभ्यास कमजोर बनेको आरोप लगाउँदै सयौँ सहिद तथा लाखौँ जनताको त्याग, बलिदान र संघर्षबाट स्थापित मुद्दालाई प्राथमिकता दिनुको सट्टा नेताको राजनीतिक अस्तित्व जोगाउने काममा पार्टी केन्द्रित भएको उनले कटाक्ष गरेका छन् ।



राजीनामा पत्रमा अलिले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेशको राजनीतिमा खेलेको ऐतिहासिक भूमिकाको मूल्यांकन इतिहासले गर्ने उल्लेख गर्दै विगतको योगदानका आधारमा वर्तमानका सबै निर्णयलाई प्रश्नभन्दा माथि राख्न नसकिने बताएका छन् ।

"कुनै पनि आन्दोलनको सफलता एउटै नेताको स्वामित्वमा सीमित हुँदैन । आन्दोलनले कति सक्षम नेतृत्व जन्मायो, कति बलियो संस्था निर्माण गऱ्यो र आफ्ना विचारलाई कति दिगो बनाउन सक्यो भन्ने आधारमा त्यसको मूल्यांकन हुनुपर्छ ।" उनले भनेका छन् ।

मधेशको राजनीति कुनै एक व्यक्तिको राजनीतिक जीवनको निरन्तरताभन्दा ठूलो रहेको उल्लेख गर्दै उनले नयाँ पुस्तालाई नेतृत्वमा अवसर दिनुपर्ने, असहमतिलाई सम्मान गर्नुपर्ने र पार्टीभित्रको शक्ति जनताको विश्वास तथा लोकतान्त्रिक प्रतिस्पर्धाबाट निर्धारित हुनुपर्नेमा जोड दिएका छन् ।

पार्टीले पुस्तान्तरण र वैचारिक रूपान्तरणको बाटो अवलम्बन गर्न नसकेको निष्कर्षसहित आफूले पदमा रहिरहनुभन्दा राजनीतिक विवेकअनुसार अलग बाटो रोजेको उनले बताएका छन् । मधेसको अधिकारलाई केन्द्रमा राखी राजनीति यात्राको नयाँ सुरुवात गर्ने समेत उल्लेख गरेका छन् ।

## कृषि उत्पादन ओसार्न अझै पनि गाडाकै भर



सप्तरी, १० कात्तिक (रासस) ।

मधेस प्रदेशको सप्तरी लगायतका जिल्लाका ग्रामीण भेगमा कृषिजन्य सामग्री ओसार्न अझै पनि गोरु गाडाकै भर पर्नुपरेको छ ।

मुख्य अन्नबाली धान, मकै र गहुँ लगायतका उत्पादन खेतबारीबाट घर पुर्‍याउन ग्रामीण क्षेत्रमा गोरुगाडा (बैलगाडा) प्रयोग हुँदै आएको छ । देशमा सुविधायुक्त नवीनतम यातायाताका साधन र प्रविधिको विकास भए पनि अझै पनि कतिपय ग्रामीण क्षेत्रमा कृषिजन्य सामग्री ओसार्ने गोरु गाडा निर्विकल्प साधनको रुपमा प्रयोग भइरहेको पाइन्छ ।

महदेवा गाउँपालिका-५ भगपतपुरका दशरथमण्डल परम्परादेखि बैलगाडामा सामान ओसार्ने कामलाई अहिले पनि निरन्तरता दिइरहेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "मलाई याद भएदेखि घरमा बैलगाडा छ । दुई दशक

*बाँकी अन्तिम पृष्ठमा*

## गाजासहित एक पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, १० कात्तिक ।**

सिरहाको धनगढीमाई नगरपालिका १४ बिहीबारे टोलबाट प्रहरीले १६ किलो २ सय ७० ग्राम गाँजासहित एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा स्थानीय ५६ वर्षीय झनकबहादुर ठकुरी छन् । ठकुरीको घरमा गाँजा लुकाएर राखिएको भन्ने गोप्य सूचनाका आधारमा प्रहरीले मंगलबार उनको घरमा खानतलासी गरेको थियो ।

प्रहरी प्रवक्ता एवं डिएसपी रमेश बहादुर पालका अनुसार इलाका प्रहरी कार्यालय लहानका प्रहरी नायब उपरीक्षक विष्णुप्रदीप बस्यालको नेतृत्वमा खटिएको प्रहरी टोली र लागुऔषध नियन्त्रण ब्युरो, शाखा कार्यालय गोलबजारको संयुक्त टोलीले ठाकुरको घरभित्र खानतलासीको क्रममा ३ किलो ५ सय २० ग्राम र घरबाट करिब ५० मिटर पूर्व सरे खोलाको कासघारीबाट १२ किलो ७ सय ५० ग्राम गाँजा फेला परेको प्रहरीले जनाएको छ ।

दुवै स्थानबाट बरामद गरिएको पदार्थको कुल तौल १६ किलो २७० ग्राम रहेको जनाउँदै प्रहरीले ठकुरीलाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय लहानमा राखेको छ ।

**स्वच्छ शहर: स्वस्थ शहर**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- ध्वनी र वायु प्रदुषण कम गरौं,
- समय समयमा सवारी साधनको मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,



- सार्वजनिक स्थलका बोटविरुवाहरुको संरक्षण गरौं,
- सडकको नियमित मर्मत गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

**शहरलाई सफा राखौं: सुन्दर बनाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

### समस्या समस्यैले जकडिएको कारागारप्रति अझै ध्यान पुगेन

मुलुककै पुरानो मध्ये एक सप्तरी कारागार समस्या समस्यैले जकडिएको छ । कारागारको जग्गा अतिक्रमण, जिर्ण भवन, त्यस वरिपरि फोहरको थुप्रो तथा क्षमता भन्दा तेब्बर बढी कैदीबन्दीको चापप्रति सम्बन्धी निकाय अझै गम्भिर बन्न सकेको छैन् । यी समस्याले जकडिएको कारागारको सुधारका लागि दशकौंदेखी पहल भइरहदा पनि अझै सुधारोन्मुख हुनसकेको छैन् । जिर्ण भवन र साँगुरो कोठाका कारण कैदीबन्दीहरु कोचिकोचि बस्न बाध्य छन् । एक सय २५ कैदीबन्दी राखिने क्षमता रहेको यस कारागारमा तीन सय भन्दा बढी कैदीबन्दीहरु छन् ।

यता कारागारकै अतिक्रमित जग्गाप्रति पनि स्थानिय प्रशासन मौन रहेको छ । विगतमा केही पहलका कदम बढाएपनि त्यो फलदायी हुनसकेन् । आफ्नै जग्गा अतिक्रमण भएको विषयमा सम्बन्धित निकायले ठोस निर्णय समेत गर्न सकेको छैन् । संघीय सरकारको अधिनमा रहेको यस कारागारको समस्याहरु स्थानियस्तरबाट उठेपनि माथिल्लो निकायले अझ पहल गर्न सकेको छैन् ।

तसर्थ पुरानो र जिर्ण कारागारको समस्याप्रति तीनै तहका सरकार गम्भिर हुनुका साथै समस्या समाधानको बाटो अवलम्बन गर्नेतर्फ अग्रसर हुनु आवश्यक छ ।

## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

**कंकालिनी मन्दिर** : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

**शम्भुनाथ मन्दिर** : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

**हनुमान मन्दिर** : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

**कोशी टप्पु** : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

**धारापानी क्षेत्र** : चुरेको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

**लोहजारा दह** : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# भोटेकोशी बाढी-विपद् व्यवस्थापनका लागि गम्भीर परीक्षा

**श्रीराम न्यौपाने**
काठमाडौँ, १० कात्तिक (रासस) ।

गत भदौ १० गते भोटेकोशी र त्रिशूली नदीमा आएको विनाशकारी बाढीले रसुवा, नुवाकोट, धादिङलगायतका क्षेत्रमा ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्यायो । नेपालको मात्र नभई विश्वकै प्राकृतिक विपद्को इतिहासमा यस विपद्लाई विशिष्ट खालको अकल्पनीय र अप्रत्यासित घटनाको रुपमा लिन सकिन्छ । झण्डै १८८ किमी प्रतिघण्टाको दरमा आएको यस बाढीमा दुई करोड घनमिटर अर्थात् २० अर्ब लिटर अतिरिक्त पानीको बहाव रहेको थियो । पानीसँग आएको लेदो, ढुङ्गा, गेग्रान, चट्टानसहित आएको बाढीले ठूलो जनधन र पूर्वाधारको क्षति गरायो । बाढीपछि नदीको सतह करिब आठ मिटर माथि उठेको छ । झण्डै ९० लेखि १५० मिटर उचाइमा आएको बाढीका कारण वरपरका बस्ती, जलविद्युत् आयोजना, सडक र कृषियोग्य जमिनमा क्षति पुगेको छ । यस घटनाले हाम्रा आगामी विकास आयोजना, बस्ती विकास र पूर्वाधार निर्माणमा धेरै कुरा सिकाएको छ ।

भोटेकोशीमा बाढी आएको खबर पाएपछि म आफैँ पनि घटनास्थल पुगेर उद्धार कार्यमा सक्रिय रहेको थिएँ । बाढीको खबर सुन्दा एउटा प्राकृतिक विपद् आएको भन्ने मात्र लागेको थियो तर घटनास्थल पुगेपछि अवस्था निकै गम्भीर रहेछ भन्ने महसुस भयो । नदीको बहाव अत्यन्त तीव्र थियो । बाटो, पुल र विभिन्न संरचनामा क्षति पुगेको थियो । कतिपय ठाउँमा पहिलेकै भौगोलिक अवस्था पहिचान गर्नसमेत कठिन थियो । त्यसभन्दा पनि गम्भीर कुरा मानिसहरू विभिन्न जलविद्युत् आयोजनाका सुरुङ र विद्युत् गृहहरूमा फसेको अवस्था थियो । परिवारका सदस्यहरू आफ्ना मान्छेको अवस्थाबारे जानकारी पाउन आतुर थिए । यस्तो अवस्थामा जनप्रतिनिधिका रूपमा त्यहाँ उपस्थित हुनु मेरो जिम्मेवारी पनि थियो । जनप्रतिनिधि जनताको दुःखमा उपस्थित हुनुपर्छ । संसदमा बसेर नीति निर्माण गर्नु हाम्रो एउटा जिम्मेवारी हो तर जब जनता सङ्कटमा हुन्छन्, त्यतिबेला उनीहरूको बीचमा पुग्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ । जहाँ आफ्नो ज्ञान, क्षमता वा पहुँचबाट सहयोग गर्न सकिन्छ, त्यहाँ सक्रिय हुनु आवश्यक छ । तर जनप्रतिनिधिले उद्धारकर्मीको काम खोस्ने होइन । सम्बन्धित सुरक्षा निकाय, प्राविधिक र विज्ञसँग समन्वय गरेर आफ्नो भूमिका निर्वाह गर्नुपर्छ ।

विशेषगरी, जलविद्युत् आयोजनाका सुरुङमा मानिसहरू फसेको जानकारी आएपछि मैले यसलाई सामान्य राहतको विषयको रूपमा लिन सकिनँ । म आफैँ इन्जिनियर भएकाले सुरुङ निर्माण र त्यसको संरचनाबारे केही अनुभव थियो । त्यसैले आफ्नो ज्ञान र अनुभव उद्धारमा उपयोग गर्न सकिन्छ भने किन पछि हट्ने भन्ने लाग्यो । घटनास्थलमा पुगेपछि अवस्था कल्पना गरेभन्दा निकै कठिन रहेछ भन्ने बुझियो । बाढीले केही संरचना नै देखिन छाड्ने गरी क्षति पुऱ्याएको थियो । त्यसपछि उपलब्ध नक्सा, संरचनाको अवस्था, पानीको बहाव र सम्भावित पहुँच मार्गको अध्ययन गरेर उद्धारका विकल्पबारे सोच्नुपऱ्यो । उद्धारमा संलग्न सबैको एउटै उद्देश्य थियो नस्–भित्र फसेका मानिसलाई सकुशल बाहिर निकाल्नु । यसमा सुरक्षाकर्मी, प्राविधिक र स्थानीय सर्वसाधारणले पुऱ्याएको योगदान अविस्मरणीय छ ।

सुरुङभित्र मानिसहरू फसेको घटना अत्यन्त संवेदनशील अवस्था थियो । बाहिरबाट हेर्दा एउटा संरचना क्षतिग्रस्त भएको जस्तो देखिए पनि त्यसको भित्र मानिसको जीवन जोडिएको हुन्छ । हामीले सुरुङभित्र कति मानिस छन्, उनीहरू कुन स्थानमा हुन सक्छन्, पानीको अवस्था कस्तो छ, अक्सिजनको अवस्था के छ भन्ने विषयमा एक-एक कुरा विचार गर्नुपर्थ्यो । हामीले सुरुङको अवस्था, पानीको स्तर, सम्भावित अवरोध, मानिसहरू हुनसक्ने स्थान र त्यहाँसम्म पुग्ने सम्भावित बाटोबारे सोच्नुपऱ्यो । त्यहाँ काम गर्ने कर्मचारी र उनीहरूका परिवारका सदस्यहरूको अवस्था सम्झिँदा झन् दबाब महसुस हुन्थ्यो । उद्धारमा संलग्न व्यक्तिले भावनामा बगेर होइन, तथ्य र प्राविधिक आधारमा निर्णय गर्नुपर्ने हुन्छ । तर त्यसका साथमा हरेक मिनेटको महत्व पनि उत्तिकै थियो । भावनात्मक रूपमा हामी सबै उद्धार गर्न चाहन्थ्यौँ, तर प्राविधिक रूपमा सुरक्षित बाटो पहिचान नगरी अघि बढ्नु अर्को जोखिम निम्त्याउनु हुन्थ्यो ।

उद्धार कार्यमा पहिलो चुनौती नै घटनास्थलसम्म सुरक्षित रूपमा पहुँच बनाउनु थियो । बाढीपछि बाटो, पुल, विद्युत् तथा सञ्चार संरचनामा समेत असर परेको थियो । अर्को चुनौती सुरुङको वास्तविक अवस्था पत्ता लगाउनु थियो । सुरुङ कहाँबाट अवरुद्ध भएको छ, पानी कति छ, भित्र हावा र अक्सिजनको अवस्था कस्तो छ भन्ने कुरा बाहिरबाट अनुमान गर्न सजिलो हुँदैन । त्यसैले हामीले उपलब्ध नक्सा, प्राविधिक उपकरण र उद्धार टोलीको अनुभवलाई जोडेर काम गर्नुपऱ्यो । त्रिशूली-३ 'ए' को सुरुङको मुख पहिचान गर्नसमेत निकै मेहनत गर्नुपरेको थियो । त्यसका लागि ड्रिलिङलगायतका काम गरेर सुरुङको अवस्थाबारे जानकारी लिने प्रयास गरिएको थियो । पछि सुरुङभित्रबाट मानिसको आवाज सुनिएको जानकारी आउँदा त्यो उद्धार टोलीका लागि निकै आशाजनक सङ्केत बनेको थियो ।

सुरुङ, संरचना र भूगोलसँग सम्बन्धित प्राविधिक पक्ष बुझ्न मेरो इन्जिनियरिङ अनुभवले केही सहयोग गऱ्यो । सुरुङ भनेको सामान्य संरचना होइन । त्यसको डिजाइन, भौगोलिक अवस्था, हावा जाने प्रणाली, पानीको निकास, आपत्कालीन पहुँचलगायतका विषय बुझ्नुपर्छ । सुरुङको नक्सा, संरचनाको अवस्था र सम्भावित पहुँचबारे छलफल गर्दा प्राविधिक दृष्टिकोण राख्न सक्ने अवस्था थियो । मैले विगतमा सुरुङ निर्माणसँग सम्बन्धित काम गरेको अनुभव पनि भएकाले उपलब्ध नक्सा र संरचनालाई हेरेर सम्भावित विकल्पबारे सुझाव दिन सक्ने अवस्था थियो तर उद्धार एक्लै कसैले गर्ने काम होइन । नेपाली सेना, सशस्त्र प्रहरी, स्थानीय प्राविधिक, आयोजनाका कर्मचारी तथा अन्य सम्बन्धित निकायको समन्वय अत्यन्त महत्वपूर्ण थियो । मेरो भूमिका जहाँ प्राविधिक ज्ञान आवश्यक पर्छ, त्यहाँ सहयोग गर्ने र सम्भव भएसम्म समाधान खोज्ने थियो । उद्धार कुनै एक व्यक्तिको प्रयासले सम्भव हुँदैन । नेपाली सेना, सशस्त्र प्रहरी, स्थानीय उद्धार टोली, आयोजनाका प्राविधिक र कर्मचारी सबैको समन्वय आवश्यक हुन्छ ।

खासगरी जलविद्युत् आयोजनाहरू नदी किनारामा नै निर्माण गरिने हुँदा बाढी, पहिरोजस्ता प्राकृतिक विपद्बाट प्रत्यक्ष प्रभावित हुने गर्दछन् । यसो भन्दैमा नेपालले जलविद्युत् विकासबाट पछि हट्नु हुँदैन तर अब विकासको शैली भने बदल्नुपर्छ । जोखिमलाई आयोजनाको डिजाइनमै समेट्नुपर्छ । नदीको व्यवहार, भूगोल, जलवायु परिवर्तनका प्रभाव र सम्भावित चरम बाढीलाई ध्यानमा राखेर पूर्वाधार निर्माण गर्नुपर्छ । भोटेकोशीको घटनाले हामीलाई विकास रोक्ने होइन, अझ सुरक्षित र आधुनिक ढंगले विकास गर्नुपर्ने पाठ दिएको छ । जलविद्युत् हाम्रो ठूलो सम्भावना हो, तर त्यससँग जोडिएका जोखिमलाई बेवास्ता गरेर अघि बढ्न सकिँदैन । यस विपद्बाट प्रभावित भएका सबै नै जलविद्युत् आयोजनाहरू पुनः सञ्चालनमा आउँछन् । केही आयोजनाहरूको बाँधमा क्षति पुगेको छ भने केहीको सुरुङ, केहीको विद्युत् गृहमा समस्या आएको छ । लाइटाङ र चिलिमेको विद्युत् गृहमा क्षति पुगेको छ । बाँधलाई कसरी मजबुद राख्ने भन्ने मुख्य चुनौती देखिन्छ ।

जलविद्युत् आयोजनाहरू निर्माण गर्दा जोखिमलाई बेवास्ता गर्न पनि हुँदैन । मेरो अनुभवमा अब सुरुङ निर्माण मापदण्ड नै बनाएर कार्यान्वयन गर्नुपर्छ । सकेसम्म जलविद्युत् आयोजनाहरूको संरचना भूमिगत नै बनाउनुपर्छ । विद्युत् गृहको माथिल्लो भागमा छुट्टै बङ्कर बनाएर सुरक्षित स्थान बनाउन सकिन्छ । आत्पकालीन अवस्थामा खाद्यान्न र सञ्चार प्रणालीको निर्माण गर्नुपर्ने देखिन्छ । उद्धारका लागि आपत्कालीन मेशिन उपकरणलाई तयारी अवस्थामा राख्नुपर्ने यस घटनाले महसुस गरायो । यस्ता उपकरणहरू विभिन्न आयोजनाहरूले सामूहिक रुपमा पनि गर्न सकिन्छ । मुख्य कुरा जलविद्युत् आयोजनाको बाँध वा अन्य संरचनाहरू निर्माण गर्दा भूकम्प, बाढी पहिरोजस्ता विपद्बाट सुरक्षित हुने गरी ध्यान दिनुपर्ने हुन्छ । अब आयोजनाको डिजाइनदेखि निर्माणसम्म सम्भावित चरम बाढी, भूगोल, जलवायु परिवर्तन र वातावरणीय जोखिमलाई गम्भीरतापूर्वक समेट्नुपर्छ । विकास रोक्नु समाधान होइन । सुरक्षित, दिगो र जोखिम न्यूनीकरणलाई केन्द्रमा राखेर विकास गर्नु समाधान हो ।

भोटेकोशीको बाढी केवल एउटा प्राकृतिक विपद्को घटना होइन; यो नेपालको विपद् व्यवस्थापन प्रणालीका लागि एउटा गम्भीर परीक्षा पनि हो । सबैभन्दा ठूलो पाठ भनेको विपद् आउनुअघि नै तयारी गर्नुपर्छ भन्ने हो । विपद् आएपछि मात्र उद्धारको योजना बनाउने होइन, जोखिमको पूर्वानुमान, पूर्वसूचना प्रणाली, आपत्कालीन पहुँचमार्ग, सञ्चार प्रणाली र उद्धार उपकरण पहिले नै तयार हुनुपर्छ । विशेषगरी नदीको माथिल्लो क्षेत्रमा असामान्य पानीको बहाव वा बाढीको अवस्था देखिएमा तल्लो क्षेत्रमा तत्काल सूचना पुग्ने प्रणाली विकास गर्नुपर्छ । यसले मानवीय क्षति धेरै कम गर्न सक्छ । बाढीपछि मैले पनि मानवीय क्षति सकेसम्म शून्य बनाउने दिशामा पूर्वसूचना प्रणाली आवश्यक रहेको विषयमा जोड दिएको छु । नदीको गर्जन र सुरुङभित्रको अन्धकारबीच उद्धारकर्मीहरूले गरेको प्रयासले एउटा कुरा स्पष्ट पार्छ– विपद्को समयमा प्रविधि, दक्ष जनशक्ति र मानवीय संवेदनाको संयोजन अत्यावश्यक हुन्छ । हामी अझै पनि विपद् आएपछि सक्रिय हुने शैलीमा छौँ । अब यो प्रणाली बदल्नुपर्छ । विपद् आउनुअघि जोखिम पहिचान, पूर्वसूचना, सुरक्षित स्थान, उद्धार उपकरण, सञ्चार प्रणाली र दक्ष जनशक्ति तयार हुनुपर्छ । विशेषगरी नदी तथा जलविद्युत् आयोजनाको क्षेत्रमा पूर्वसूचना प्रणाली अत्यन्त महत्वपूर्ण छ । माथिल्लो क्षेत्रमा असामान्य पानीको बहाव देखिएमा तलका बस्ती र आयोजनासम्म तत्काल सूचना पुग्ने व्यवस्था हुनुपर्छ ।

यो विपद्ले धेरै परिवारलाई ठूलो पीडा दिएको छ । आफ्नो परिवारको सदस्य गुमाउनु वा बेपत्ता हुनुको पीडा शब्दले व्यक्त गर्न सकिँदैन । बेपत्ता भएका व्यक्तिका परिवारका लागि हरेक दिन

*बाँकी तीन पृष्ठमा*

# भोटेकोशी बाढीका कारण घरपरिवार र व्यवसायम ७९ अर्बको क्षति : आयोग

काठमाडौँ, १० कात्तिक (रासस) ।

रसुवाको भोटेकोशी बाढीका कारण घरपरिवार र व्यवसाय/प्रतिष्ठानतर्फ रु ७९ अर्ब १७ करोड बराबरको क्षति भएको छ ।

राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको घरपरिवार तथा प्रतिष्ठानसँग सम्बन्धित सर्वेक्षणको प्रारम्भिक विवरणमा घरपरिवारतर्फ रु ६९ अर्ब ५७ करोड र व्यवसाय/प्रतिष्ठानतर्फ रु नौ अर्ब ६० करोड बराबरको क्षति भएको उल्लेख छ ।

सर्वेक्षणअनुसार आर्थिक क्षतिसम्बन्धी प्रारम्भिक विवरणमा घर भएको जग्गा (आफ्नै स्वामित्वको) अन्तर्गत ५४ दशमलव ६५ हेक्टर क्षेत्रफलमा क्षति पुगेको छ । जसमा घडेरीमा भएको क्षति रु १३ अर्ब २६ करोड र घर निर्माण लागत रु ११ अर्ब ९५ करोडको छ ।

बाढीका कारण तीन हजार ६१० परिवारको स्वामित्वमा रहेको ५०७ दशमलव ९७ हेक्टर क्षेत्रफल जग्गा जमिन अर्थात रु ३५ अर्ब ४४ करोड बराबरको क्षति भएको छ ।

त्यसैगरी दुई हजार ९५१ परिवारको खेतबारीमा लगाएको बालीमा क्षति पुगेको छ । जुन रु २३ करोड २१ लाख क्षति हो ।

त्यसैगरी एक हजार ८७६ परिवारको भण्डारणमा रहेको खाद्यान्नमा क्षति पुग्दा रु १० करोड ४१ लाख बराबरको क्षति पुगेको छ । पशुपन्छीतर्फ एक हजार ११ परिवारले पालेको रु २१ करोड ४२ लाख बराबरका पशुपन्छी/माछामा क्षति भएको छ ।

आयोगका अनुसार सवारीसाधनतर्फ एक हजार ११५ परिवारको रु एक अर्ब २४ करोड बराबरको क्षति भएको छ । साथै बहुमूल्य, सांस्कृतिक तथा पुरातात्विक वस्तुतर्फ दुई हजार ३३० परिवारको रु पाँच अर्ब दुई लाख बराबरको क्षति भएको छ । बाढीका कारण स्थायी प्रकृतिका (टिकाउ हुने) घरायसी वस्तुमा पनि क्षति पुगेको छ । जसमा तीन हजार १८७ परिवारले रु एक अर्ब ४५ करोड बराबरको सम्पत्ति गुमाएका छन् । साथै अस्थायी प्रकृतिका (टिकाउ नहुने) घरायसी वस्तुमा पनि दुई हजार ७६९ परिवारले रु ६६ करोड ३५ लाख बराबरको क्षति बेहोरेका छन् ।

आयोगका अनुसार बाढीका कारण कूल छ हजार ८१७ परिवार, ३२ हजार ८७२ जना व्यक्ति, ४९९ प्रतिष्ठान प्रभावित भएका थिए । पूर्ण क्षति भएका आवासीय संरचनाको सङ्ख्या दुई हजार ९८९ छ ।

प्रभावित घरपरिवारतर्फ धादिङमा ९४८, गोरखामा १०८, नुवाकोटमा तीन हजार ८४१ र सुवामा एक हजार ९२० सङ्ख्या छ । साथै प्रतिष्ठानतर्फ धादिङमा १०४, गोरखामा १५, नुवाकोटमा ३२३ र रसुवामा ५७ वटा प्रभावित भएका छन् ।

सर्वेक्षणमा अनलाइन एप र ट्याब्लेटसहित कर्मचारी परिचालन गरिएको थियो । जसमा चार जिल्लाका १५ स्थायीय तहमा ५८ टोली र १५६ जनशक्ति परिचालन गरिएको थियो ।

***भोटेकोशी बाढी-विपद् ...***

कति पीडादायी हुन्छ भन्ने हामीले बुझ्नुपर्छ । अब राहत र उद्धारसँगै पुनःस्थापना र पुनर्निर्माणलाई पनि प्राथमिकता दिनुपर्छ । क्षतिग्रस्त संरचना बनाउँदा पहिलेको जस्तै बनाउने होइन, भविष्यको जोखिमलाई ध्यानमा राखेर अझ सुरक्षित बनाउनुपर्छ । भोटेकोशीले हामीलाई एउटा कठोर शिक्षा दिएको छ–विपद् रोक्न नसकिए पनि त्यसबाट हुने क्षति भने पूर्वतयारी, प्रविधि र प्रभावकारी समन्वयमार्फत धेरै हदसम्म घटाउन सकिन्छ । अब हाम्रो ध्यान त्यही दिशामा हुनुपर्छ । उद्धारपछि पनि सरकार र सम्बन्धित निकायको जिम्मेवारी सकिँदैन । राहत, पुनःस्थापना र पुनर्निर्माणलाई पनि उत्तिकै प्राथमिकता दिनुपर्छ । क्षतिग्रस्त संरचना जस्ताको तस्तै बनाउनेभन्दा भविष्यमा त्यस्तै विपद् आउँदा कम क्षति हुने गरी पुनर्निर्माण गर्नुपर्छ । सरकारले यस घटनालाई उच्च प्राथमिकतामा राख्नुको साथै, अन्तराष्ट्रिय समुदायको ध्यानाकर्षण गराएको छ । प्रधानमन्त्री बालेन शाहले संयुक्त राष्ट्रसङ्घीय, महासभामा दिनुभएको मन्तव्यले विश्वका धेरै देश नेपालमा सहयोग गर्न उत्प्रेरित भएका छन् ।

फलस्वरुप संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी हानि-नोक्सानी कोषले भोटेकोशी-त्रिशूली क्षेत्रमा आएको बाढीपीडितहरूको राहत, पुनर्स्थापना र पुनर्निर्माणका लागि नेपाललाई २० मिलियन अमेरिकी डलर (करिब तीन अर्ब रुपैयाँ) सहयोग गर्ने निर्णय गरेको छ । (प्रस्तुत विचार इन्जिनियर तथा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद श्रीराम न्यौपानेसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गर्नुभएको कुराकानीमा आधारित)

# नेपाललाई गाभीबाट आठ अर्ब ५९ करोडको खोप सहायता

काठमाडौँ, १० कात्तिक (रासस) ।

नेपाललाई ग्लोबल एलाइन्स फोर भ्याक्सिन्स एन्ड इमुनाइजेसन (गाभी) ले रु आठ अर्ब ५९ करोड मूल्य बराबरको खोप सहायता प्राप्त गर्ने भएको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको नेतृत्वको पहल र सम्वादका आधारमा नेपाललाई गाभीबाट राष्ट्रिय नियमित खोप कार्यक्रमका लागि सन् २०३० सम्म रु आठ अर्ब ५९ करोड १९ लाख ६८ हजार बराबरको सहायता प्राप्त गर्ने भएको हो ।

यसैगरी, गाभीबाट नेपालको नियमित खोप कार्यक्रमका लागि प्रदान गरिँदै आएको सहायता रकमको आर्थिक वर्ष २०१६/१७ देखि २०२१/२२ सम्मको लेखापरीक्षणका क्रममा प्रक्रियागत त्रुटि औँल्याउँदै नेपालले फिर्ता गर्नुपर्ने भनी उल्लेख गरिएको तीन लाख आठ हजार २७१ अमेरिकी डलर मिनाहा भएको छ ।

विश्वव्यापी रूपमा विकास सहायता तथा वित्तीय स्रोतमा दबाब बढिरहेको अवस्थामा सन् २०३० सम्मका लागि खोप सहायता सुनिश्चित हुनु र फिर्ता गर्नुपर्ने भनी देखाइएको रकम मिनाहा हुनु नेपालको राष्ट्रिय खोप कार्यक्रमलाई दिगो बनाउने दिशामा महत्वपूर्ण उपलब्धिको रूपमा लिइएको मन्त्रिको सचिवालयले जनाएको छ ।

मन्त्री मेहताको पहल तथा गाभीसँगको संवादबाट सहायता रकमसम्बन्धी विषयमा सहजीकरण र तिर्न पर्ने भनि उल्लेख भएको रकम मिनाहा प्राप्त हुनुले राष्ट्रिय खोप कार्यक्रमको वित्तीय व्यवस्थापनमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको मन्त्रालय स्रोतले जनाएको छ ।

नेपालले राष्ट्रिय खोप कार्यक्रममार्फत बालबालिका तथा लक्षित जनसङ्ख्यालाई विभिन्न सङ्क्रामक रोगबाट सुरक्षित राख्दै आएको छ । नियमित खोप सेवाको निरन्तरता, पहुँच र प्रभावकारिता कायम राख्न अन्तरराष्ट्रिय साझेदारबाट प्राप्त हुने सहयोग महत्त्वपूर्ण रहँदै आएको मन्त्रालयको भनाइ छ ।

# विदेश पठाउन लागिएको एक हजार प्याकेट चुरोट बरामद

काठमाडौँ, १० कात्तिक (रासस) ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको कार्गो कम्प्लेक्स भवनबाट आवश्यक कागजपत्रबिना अवैध रूपमा विदेश पठाउन लागिएको एक हजार प्याकेट चुरोट प्रहरीले बरामद गरेको छ ।

विमानस्थलको अन्तरराष्ट्रिय उडानतर्फ रहेको कार्गो कम्प्लेक्स भवनको 'ए साइड' मा जडान गरिएको एक्सरे मेसिनबाट कार्गो सामान स्क्रिनिङ गर्ने क्रममा शङ्कास्पद अवस्थामा उक्त परिमाणको चुरोट फेला परेको हो ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयका अनुसार स्काइकिङ लजिस्टिक प्रालिमार्फत विदेश पठाउन लागिएको एक कार्टुन सामान एक्सरे मेसिनबाट जाँच गर्दा शङ्कास्पद देखिएपछि नियन्त्रणमा लिई थप परीक्षण गरिएको थियो ।

विमानस्थल सुरक्षा कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक राजकुमार सिलवालले शङ्कास्पद कार्टुन खोलेर जाँच गर्दा आवश्यक कानुनी कागजपत्र पूरा नगरी विदेश पठाउन लागिएको 'सूर्य लक्जरी किङ' लेखिएको चुरोट फेला परेको जानकारी दिनुभयो ।

उहाँका अनुसार उक्त कार्टुनभित्र १०० बण्डल अर्थात् एक हजार प्याकेट चुरोट फेला परेको हो । "अन्तरराष्ट्रिय उडानतर्फको कार्गो कम्प्लेक्समा एक्सरे मेसिनमार्फत सामान जाँच गर्ने क्रममा एक कार्टुन शङ्कास्पद देखिएको थियो । उक्त कार्टुन खोलेर परीक्षण गर्दा आवश्यक कागजपत्रबिना विदेश पठाउन लागिएको एक हजार प्याकेट चुरोट बरामद भएको हो", प्रवक्ता सिलवालले भन्नुभयो ।

बरामद गरिएको चुरोट आवश्यक कानुनी प्रक्रिया पूरा गर्न तथा थप अनुसन्धान एवं कारबाहीका लागि सोमबार त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर, काठमाडौँमा बुझाइएको उहाँले बताउनुभयो ।

# सप्तकोशी बोट दुर्घटनाबारे अध्ययन गर्न समिति गठन

विराटनगर, १० कात्तिक (रासस) ।

कोशी प्रदेश सरकारले प्रदेशको मुख्यन्यायाधिवक्ता कार्यालयको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन प्रदेशसभामा पेस गर्ने निर्णय गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकबारे जानकारी दिँदै सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री गोम्बु शेर्पाले सो प्रतिवेदन सभामा पेश गर्ने निर्णय भएको बताउनुभयो ।

त्यसैगरी प्रवक्ता शेर्पाका अनुसार बैठकले यही कात्तिक ८ गते धनकुटा, भोजपुर र उदपुरको सङ्गमस्थल त्रिवेणीस्थित सप्तकोशी नदीमा बोट दुर्घटनाको सत्य, तथ्य अध्ययन एवं छानबिनको लागि प्रदेश सचिव आसमान तामाङको संयोजकत्वमा सात दिनभित्र प्रतिवेदन बुझाउने गरी छानबिन समिति गठन भएको छ ।

बैठकबाट मृतक परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दै दुर्घटनामा हराइ रहेका व्यक्तिको खोजी गर्न सम्बन्धित निकायमा आग्रह गर्ने निर्णय भएको प्रवक्ता शेर्पाले बताउनुभयो । उहाँले कोशी प्रदेश समन्वयात्मक पर्यटकीय सेवा कक्ष तथा 'हटलाइन' सञ्चालन निर्देशिका, २०८३ स्वीकृत भएको जानकारी दिनुभयो ।

## विश्व समाचार

# एआई विस्तारसँगै झाङ चीनको सबैभन्दा धनी व्यक्ति

बेइजिङ, १० कात्तिक (रासस/एपी) ।

बाइटडान्सका संस्थापक झाङ यिमिङ कृत्रिम बौद्धिकता (एआई) क्षेत्रमा कम्पनीको विस्तारका कारण चीनका सबैभन्दा धनी व्यक्ति बन्नुभएको छ । हुरुन रिसर्च इन्स्टिच्युटको नयाँ सूचीले प्रविधि क्षेत्रको सम्पत्ति बढ्दा उपभोक्ता बजार र घरजग्गा क्षेत्रका व्यवसायी भने दबाबमा रहेको देखाएको छ ।

हुरुनका अनुसार पाँच अर्ब युआनभन्दा बढी सम्पत्ति भएका चिनियाँको सङ्ख्या गत वर्षको तुलनामा ६.६ प्रतिशतले बढेर एक हजार ५२९ पुगेको छ । अमेरिकी डलरमा आधारित गणनाअनुसार अर्बपतिको सङ्ख्या पनि १५५ ले बढेर एक हजार १७६ पुगेको छ ।

हुरुनका अध्यक्ष रुपर्ट हुगेवर्फका अनुसार सूचीमा रहेका १६० जना अर्थात् करिब १० प्रतिशतले एआईबाट सम्पत्ति आर्जन गरेका छन् । बाइटडान्सको 'डुबाओ' चीनमा सबैभन्दा बढी प्रयोग हुने एआई सहायक बनेको छ । यही कम्पनी लोकप्रिय छोटो भिडियो मञ्च डुइन र टिकटकको पनि सञ्चालक हो ।

बोतलको पानीका व्यवसायी झोङ सानसानको सम्पत्ति २३ प्रतिशत घटेर ६१ अर्ब अमेरिकी डलरमा सीमित भएपछि उहाँ दोस्रो स्थानमा झर्नुभएको छ । विद्युतीय सवारीसाधनका लागि ब्याट्री उत्पादन गर्ने विश्वकै ठूलो कम्पनीका प्रमुख रोबिन जेङ तेस्रो स्थानमा हुनुहुन्छ । एआई कम्पनी डीपसिकका संस्थापक लियाङ वेनफेङ सातौँ र एआई चिप निर्माता क्याम्ब्रिकनका अध्यक्ष चेन तियान्सी दसौँ स्थानमा रहनुभएको छ ।

एआई, अर्धचालक र रोबोटिक्स क्षेत्रका उद्यमीको सम्पत्ति बढे पनि उपभोक्ता र घरजग्गा क्षेत्रका व्यवसायीको सम्पत्ति घटेको हुरुनले जनाएको छ । चिनियाँ विद्युतीय सामग्री निर्माता साओमीका अध्यक्ष लेइ जुनको सम्पत्ति आधा घटेर २५ अर्ब १० करोड अमेरिकी डलरमा झरेको छ । पहिलोपटक चीनको मुख्यभूमिमा आधारित कुनै पनि रियलस्टेट डेभलपर शीर्ष १०० धनीको सूचीमा परेका छैनन् ।

सरकारी सहयोगका कारण एआई र विद्युतीय सवारीसाधन उद्योग विस्तार भइरहेका बेला उपभोक्ताले खर्च घटाउँदा साना व्यवसाय प्रभावित भएका छन् । घरजग्गा बजारको लामो मन्दीले पनि आन्तरिक माग कमजोर बनाएको छ ।

चीनको अर्थतन्त्र जुलाईदेखि सेप्टेम्बरसम्म अघिल्लो वर्षको सोही अवधिको तुलनामा ४.५ प्रतिशतले बढेको थियो । चीनले यस वर्ष ४.५ देखि पाँच प्रतिशतसम्म आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको छ । यो गत वर्षको पाँच प्रतिशत वृद्धिभन्दा केही कम हो ।

# नेतान्याहुको भविष्यबारे निर्णय गर्दै इजरायली मतदाता

जेरुसेलम, १० कात्तिक (रासस/एपी) ।

तीन वर्षदेखि जारी युद्ध र देशको भविष्यबारे बढ्दो मतभेदका बीच इजरायली मतदाताले प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको राजनीतिक भविष्य निर्धारण गर्न मतदान गर्दैछन् । सन् २०२३ मा हमासको आक्रमणपछि हुन लागेको यो पहिलो राष्ट्रिय निर्वाचनले इजरायलको नेतृत्व र राष्ट्रिय चरित्रको दिशा पनि तय गर्नेछ ।

नेतान्याहुले पूर्वसैन्य प्रमुख गदी आइसेनकोटसहित उहाँलाई सत्ताबाट हटाउन खोज्ने दलहरूको चुनौती सामना गर्नुभएको छ । कुनै पनि दलले एक्लै बहुमत ल्याउने सम्भावना नरहेकाले सरकार गठनका लागि गठबन्धन र लामो वार्ता आवश्यक हुन सक्छ । अरब नेतृत्वका दलहरू निर्णायक बन्न सक्नेछन् ।

नेतान्याहुका समर्थकले उहाँलाई युद्धको नेतृत्व गर्न सक्ने अनुभवी राजनीतिज्ञ र यहुदी पहिचानका रक्षकका रूपमा हेर्छन् । तर विपक्षीहरूले भ्रष्टाचारसम्बन्धी मुद्दा, गाजाको युद्ध र बन्धक सङ्कटलाई लिएर उहाँको आलोचना गर्दै स्वतन्त्र न्यायपालिकालाई कमजोर बनाएको तथा अति-रूढिवादी यहुदी पुरुषलाई अनिवार्य सैनिक सेवाबाट छुट दिएको आरोप लगाएका छन् ।

निर्वाचनमा इरानसँगको तनाव र इजरायलको अन्तर्राष्ट्रिय छवि पनि महत्त्वपूर्ण विषय बनेका छन् । गाजा र पश्चिम किनारमा इजरायलको व्यवहार तथा यहुदी बस्तीका बासिन्दाबाट हुने हिंसाका कारण अन्तर्राष्ट्रिय आलोचना बढेको छ । अमेरिकामा इजरायलप्रतिको सार्वजनिक समर्थन घटेको छ भने युरोपका केही साझेदारले प्रतिबन्ध लगाएका छन् ।

आइसेनकोटका समर्थकले उहाँलाई सुरक्षा क्षेत्रको अनुभव भएको नेतृत्वका रूपमा प्रस्तुत गरेका छन् । गाजामा उहाँका छोरा र दुई भतिजाको मृत्यु भएको छ । उहाँलाई समर्थन गर्न सक्ने दलहरूले न्यायपालिकाको स्वतन्त्रता सुदृढ गर्ने, अन्तर्राष्ट्रिय सम्बन्ध सुधार्ने र अति-रूढिवादी पुरुषलाई पनि सैनिक सेवामा सहभागी गराउने प्रतिबद्धता जनाएका छन् ।

